

मानवताका साझा धरोहर

✍ रश्मिशेखर सुवेदी

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक : **देवीप्रसाद सिटौला** (९८४२७६०२६५/९८२४९७९८५)

बिर्तामोड: **राजकुमार श्रेष्ठ** ९८०६०१०४१०



❑ **वर्ष-२१** ❑ अंक - १०७ ❑ २०८३ वैशाख ०२ गते बुधबार ❑ Wednesday, 15 April 2026 ❑ मूल्य ७ /-


## सरकारको १८ बुँदै राष्ट्रिय प्रतिवद्धता सार्वजनिक

✦ ७ प्रतिशत आर्थिक वृद्धीको लक्ष्य ✦ बैशाख १० भित्र सुझाव दिन आग्रह

**दमक/** सरकारले संसदमा प्रतिनिधित्व गर्ने ६ वटा राष्ट्रिय दलका घोषणापत्र समेटेर १८ बुँदे राष्ट्रिय प्रतिबद्धता पत्रको मस्यौदा तयार पारेको छ ।

यसमा राजनीतिक दलहरूबाट वैशाख १० गतेभित्र राय सुझाव दिन भनिएको छ । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले पहिलो मन्त्रिपरिषद बैठकबाट पारित गरेको १०० दिने कार्यसूचीको तेस्रो बुँदामा सबै दलका घोषणापत्रका कार्यान्वयनयोग्य विषयहरू समेटेर राष्ट्रिय प्रतिबद्धतापत्र बनाउने भनेको थियो । सोहि अनुसार सरकारले शासकीय सुधारका लागि विभिन्न १८ बुँदे राष्ट्रिय प्रतिबद्धतापत्रको मस्यौदा सार्वजनिक गरेको हो । त्यसमा राजनीतिक दलहरू र सरोकारवालाहरूको सुझाव र प्रतिक्रिया आह्वान गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले 'राष्ट्रिय प्रतिबद्धता'को लागि सुझाव मागेको हो । अवधारणापत्रमा १८ वटा क्षेत्र समेटिएका छन् ।

आर्थिक क्षेत्रमा स्थायित्व र सुधार, कृषि क्षेत्रको सम्मान र आत्मनिर्भरता, पर्यटन र नागरिक उड्डयन, उर्जा विकास र उपयोग, खानी तथा खनिज, पूर्वाधार विकास क्षेत्र परेका छन् । त्यसैगरी रोजगारी र समृद्धि, शिक्षा र स्वास्थ्य, वन वातावरण र जलवायु परिवर्तन, सुशासन र भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार र सेवा प्रवाह, विद्युतिय सुशासन र प्रविधिको क्षेत्रमा अवधारणापत्र माग भएको छ । सरकारले सामाजिक न्याय र समावेशीकरण, अन्तर्राष्ट्रिय कुटनीति र परराष्ट्र सम्बन्ध, नेपाली डायस्पोराको

बाँकी ४ पेजमा ▸▸

## नयाँ वर्षको उल्लास
# पर्वमय बन्यो पूर्वी-तराई

✍ पूर्वसन्देश समाचार

**दमक/** नयाँ वर्षको शुरूवातसँगै पूर्वी तराई पर्वमय बनेको छ । विभिन्न समुदाय र भुगोल अनुसारका चाडपर्व एकसाथ पर्व नयाँ वर्ष उल्लासमय हुने गरेको छ । यसै क्रममा झापा सहित पूर्वी तराईको मोरङ सुनसरी लगायतका जिल्लामा आदिवासी समुदायको सिरूवा पर्व सुरू भएको छ । राजवंशी, थारू, ताजपुरीया, धिमाल, मेचे, गनगाई र माझीलगायतका आदिवासी समुदायले यो पर्व मनाउन सुरू गरेका हुन् । यो पर्व मनाउने समुदायले पहिलो दिन पानी सिरूवा खेलेर मनाएका छन् । एक आपसमा पानी छ्यापेर पानी सिरूवा मनाउने गरिएको छ । पर्वको दोश्रो माटोको हिलो बनाएर हिलो छ्यापाछ्याप गरी काद सिरूवा खेल्ने चलन रहेको छ भने तेश्रो दिन रङ खेलेर सिरूवा पर्व समापन गरिने गरेको छ । एक आपसमा भ्रातृत्व र बन्धुत्वको सम्बन्धलाई बढाउन शुभकामना आदान-प्रदान गर्दै सामूहिक रूपमा हर्षोल्लासका साथ पर्व मनाउने गरिएको छ ।



कमल-६, लखनपुरको जिम्दारचोकमा आयोजित सिरुवा मेला ।

### धिमाल समुदायमा जात्री

कोच समुदायले सिरूवा पर्व मनाईरहँदा पूर्वी नेपालको आदिवासी धिमाल समुदायको सबैभन्दा लामो पर्व जात्री पनि शुरु भएको छ । यो पर्व हरेक वर्ष वैशाख २ गतेदेखि असार २ गतेसम्म मनाउने गरिन्छ । धिमाल समुदायले जात्री पर्व भने पनि यो पर्वमा बजाइने ढोलको आवाज ढङ् ढङ् गर्ने भएकाले अन्य समूदायले ढङ्ढङे मेला भनेर बुझ्ने गरेका छन् । धिमाल जातिको उद्यमस्थल मानिएको मोरङको लेटाङ १ भोगटेनीस्थित राजारानीमा विशेष पूजापछि यो पर्व शुरु हुन्छ । भोगटेनीबाट शुरु भएपछि धिमालका बस्तीको टोलटोलमा यो पर्व पुग्ने गरेको छ । कोच समुदायका सिरूवा तथा धिमाल समुदाको जात्रीका अवसरमा विभिन्न टोल टोलमा मेला लाग्ने गरेको छ ।

### मैथिल समुदायमा जुडशितल

नयाँ वर्षसँगै मैथिल समुदायमा जुडशीतल पर्व हर्षोल्लासपूर्वक मनाइँदैछ । वैशाख १ गते अर्थात् नयाँ वर्ष प्रारम्भ भएको दिनदेखि दुई दिनसम्म मनाइने जुडशीतल पर्वमा मिथिलाञ्चलनमा कूलदेवताको पूजा गर्ने परम्परा रहिआएको छ ।

वैशाख १ र २ गते मनाइने यो पर्वको पहिलो दिनलाई 'सतुवाइन' र दोस्रो दिनलाई 'जुडशीतल' भनिन्छ । विक्रम सवत् सुरू भएसँगै गर्मी बढ्ने भएकाले जीवनमा शीतलताको कामना गर्दै 'जुडशीतल' पर्व मनाउने परम्परा रहिआएको मानिन्छ । पहिलो दिन 'सतुवाइन' विधिसँगै

बाँकी ४ पेजमा ▸▸

## 'पेपरलेस' संसदको तयारी

**काठमाडौं/** सभामुख डोलप्रसाद (डीपी) अर्यालले संघीय संसदलाई पेपरलेस प्रणालीतर्फ लैजाने तयारी गरेका छन् । सभामुख अर्यालसँग सोमबार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) की आवासीय प्रतिनिधि क्योको योकोसुकाले भेट गरेका थिए । सिंहदरबार स्थित सभामुखको कार्यकक्षमा भएको भेटमा सभामुख अर्यालले डिजिटलाइजेशन तथा ई-पार्लियामेन्ट निर्माणमा आˆनो विशेष चासो रहेको बताउँदै संसदलाई पेपरलेस प्रणालीतर्फ लैजाने तयारी भइरहेको जानकारी दिएका हुन् । समझदारीपत्रको अध्ययनपछि सहकार्यको मोडालिटीबारे थप छलफल गरिने पनि उनले बताए ।

यूएनडीपीकी आवासीय प्रतिनिधि क्योको योकोसुकाले संसदहरूको क्षमता विकास, महिला सशक्तीकरण तथा सीमान्तकृत समुदायको उत्थानका क्षेत्रमा सहकार्य विस्तार गर्न इच्छा व्यक्त गरे । साथै डिजिटल संसद निर्माण, समितिहरूसँग सहकार्य तथा अनुभव आदान-प्रदान कार्यक्रममार्फत सहयोग गर्न तयार रहेको जनाए ।

सभामुखले महिला सांसदहरूको क्षमता विकासका लागि सहकार्य आवश्यक रहेको बताउँदै उपयुक्त मोडालिटी तय गर्नुपर्नेमा जोड दिए । उक्त भेटमा संघीय संसद सचिवालयका सचिव डा. रोजनाथ पाण्डे लगायतका अधिकारी तथा यूएनडीपीका प्रतिनिधिहरु सहभागी थिए ।

## दुई उद्योगमा आगलागी

**बिर्तामोड/** बिर्तामोड नगरपालिका-४ मा सञ्चालित दुई उद्योगमा आगलागी भएको छ । आगलागी परी ती उद्योगमा ठूलो परिमाणमा क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिए । मंगलबार बिहान करिब ४:१५ बजे भक्तिप्रसाद उप्रेतीले सञ्चालन गरेको 'झापाली चिप्स फ्याक्ट्री' र चन्द्रप्रसाद खरेलको 'सौगात काष्ठ फर्निचर'मा एकैसाथ आगलागी भएको थियो ।

आगलागीबाट दुवै उद्योगका कच्चा पदार्थ, तयारी सामग्री तथा मेसिनरी सामान जलेर नष्ट हुँदा करिब एक करोड मूल्य बराबरको क्षति भएको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ । इलाका प्रहरी कार्यालय बिर्तामोड, सशस्त्र प्रहरी बेस

## कांग्रेसको सदस्यता अद्यावधीक शुरु

**दमक/** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको क्रियाशील सदस्यता अद्यावधिक गर्ने 'जरा अभियान' को शुभारम्भ गरेका छन् । काठमाडौं महानगरपालिका वडा नम्बर ३० स्थित आफ्नै वडाबाट सदस्यता अद्यावधिक गरी उनले यस अभियानको सुरुवात गरेका हुन् ।

विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएपछि पार्टीको साङ्गठनिक सुदृढीकरणलाई तीव्रता दिएका थापाले वैशाख मसान्तसम्म देशभर यो अभियान जारी रहने जानकारी दिए । अभियानअन्तर्गत पार्टीका सबै तहका सदस्यले आफ्नो विवरण अद्यावधिक गर्नुपर्ने र यसले पार्टीको वास्तविक साङ्गठनिक अवस्था चित्रण गर्ने विश्वास लिइएको छ । सदस्यता अद्यावधिक गर्दै सभापति थापाले पार्टीलाई तल्लो तह बाटै बलियो र गतिशील बनाउन यो अभियान महत्त्वपूर्ण हुने प्रतिक्रिया दिए ।

## 'निर्माण व्यवसायमा गम्भिर संकट'

**बिराटनगर/** कोशी प्रदेशका निर्माण व्यवसायीहरूले निर्माण क्षेत्रमा गम्भीर संकट देखिएको जनाएका छन् । उनीहरूले निर्माण क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारसँग तत्काल नीतिगत हस्तक्षेप र मूल्य समायोजन गर्नुपर्ने उनीहरूको माग छ ।

इन्धन र निर्माण सामग्रीको अनियन्त्रित मूल्यवृद्धिका कारण आयोजनाहरु अघि बढाउनै नसकिने अवस्था सिर्जना भएको भन्दै व्यवसायीहरूले सरकारको ध्यानाकर्षण गराएका हुन् । निर्माण व्यवसायी महासंघ कोशी प्रदेशले मंगलबार विज्ञप्ति जारी गर्दै वर्तमान मूल्यवृद्धिका कारण निर्माण उद्योग धराशयी हुन लागेको चेतावनी दिएको छ । महासंघका प्रदेश महासचिव रमेश कार्कीका अनुसार बजारमा सिमेन्ट, फलामजन्य सामग्री र इन्धनको मूल्य अस्वाभाविक ढंगले बढेको छ । यसले गर्दा विकास निर्माणका कामहरु ठप्प हुने स्थितिमा पुगेको उनले उल्लेख गरेका छन् ।

बाँकी ४ पेजमा ▸▸

## ट्याक्टरबाट खसेर मृत्यु

**दमक/** झापाको कन्काई नगरपालिका-४ कोटीहोममा मलामी बोकेको ट्याक्टरबाट खसेर एकजनाको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत कोटीहोम क्षेत्रमा दुर्गापुरबाट माइखोलातर्फ १५ जना मलामी लिएर जाँदै गरेको को २ त ७४९७ नम्बरको ट्याक्टरबाट खसेर सोही ट्याक्टरका सहचाकल कन्काई नगरपालिका-१ निवासी २५ वर्षीय विनोद दनुवार गम्भीर घाइते भएका थिए । जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख सन्तोष राईका अनुसार सोमबार दिउँसो २ बजे दनुवार ट्याक्टरबाट खसेका थिए । उनलाई उपचारका लागि कनकाई नगर अस्पताल, सुरुङ्गामा लगिएको थियो । त्यहाँबाट थप उपचारका

बाँकी ४ पेजमा ▸▸


**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

**हाम्रा उपलब्ध डाक्टरहरु**

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।

**नव वर्ष २०७९** को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा चिकित्सक, सेवाग्राही, कर्मचारी एवम् समस्त स्वास्थ्यकर्मी तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको

**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**उमाकान्त आचार्य**
अध्यक्ष
**निम्स नेशनल हस्पिटल परिवार**
दमक-९, झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय **शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा उद्यमी, व्यवसायी, शुभेच्छुक तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको

**हार्दिक शुभकामना**
व्यक्त गर्दछौं ।

**देवीप्रसाद गुरागाई (गोपाल)**
अध्यक्ष
**दमक उद्योग वाणिज्य संघ परिवार**
दमक-झापा

# सम्पादकीय

## जग्गाको गाँठो फुकाउन जरुरी

पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि रोक्का राखिएको जग्गा सरकारले बजेट मार्फत फुक्काको घोषणा गरेको थियो । आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा रेल निर्माणका लागि रोक्का राखेको जग्गा फुकुवा गर्ने निर्णय त भयो तर अझै कार्यान्वयन भएको छैन । जसका कारण सर्वसाधारण आफ्नो सम्पत्ती माथिको अधिकारबाट बञ्चित हुनु परेको छ ।

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग नेपालको दीर्घकालीन विकासको दृष्टिले अत्यन्त महत्त्वपूर्ण योजना हो । तर यस्तो राष्ट्रिय गौरवको परियोजनासँग जोडिएको जग्गा व्यवस्थापनको विषयले भने वर्षौंदेखि हजारौं नागरिकलाई अन्योल र पीडामा राखेको छ । रेलमार्ग निर्माणका लागि भन्दै सरकारले धेरै स्थानमा जग्गा रोक्का राखेको थियो, जसका कारण सम्बन्धित जग्गाधनीहरुले आफ्नो सम्पत्तिको प्रयोग गर्न नपाउनु दुखद् विषय हो ।

लामो समयसम्म जग्गा रोक्का हुँदा त्यसको प्रत्यक्ष असर स्थानीय अर्थतन्त्रमा परेको छ । घरजग्गा किनबेच ठप्प भएको छ, बैंकिङ कारोबारमा समस्या आएको छ, र धेरैले आफ्नो आवश्यकताअनुसार सम्पत्तिको उपयोग गर्न नपाएको गुनासो गरेका छन् । यसले व्यक्तिगत जीवनयापन मात्र होइन, समग्र आर्थिक गतिविधिलाई नै प्रभावित बनाएको छ । यही अवस्थालाई मध्यनजर गर्दै सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत रोक्का राखिएको जग्गा फुकुवा गर्ने घोषणा गरेको थियो । यो निर्णयले प्रभावित नागरिकमा आशा जगाएको थियो कि अब उनीहरुले आफ्नो सम्पत्तिमाथि पुनः अधिकार प्रयोग गर्न पाउनेछन् । तर व्यवहारमा यो घोषणा अझै कार्यान्वयनमा आउन सकेको छैन, जसले पुनः निराशा उत्पन्न गरेको छ ।

सरकारको निर्णय कार्यान्वयनमा ढिलाइ हुनु स्वयंमा चिन्ताजनक विषय हो । नीतिगत रुपमा निर्णय गरिसकेपछि त्यसलाई प्रभावकारी रुपमा लागू गर्नु राज्यको दायित्व हो । यदि रेलमार्ग निर्माण तत्काल अघि बढाउने अवस्था छैन भने, जग्गाधनीहरुलाई अनिश्चितकालसम्म रोकेर राख्नु न्यायोचित हुँदैन । यस्तो अवस्थामा या त उचित मुआब्जा प्रदान गरिनुपर्छ, वा जग्गा फुकुवा गरेर नागरिकलाई आफ्नो सम्पत्ति प्रयोग गर्न दिने व्यवस्था गर्नुपर्छ ।

सम्पत्तिमाथिको अधिकार संविधानले प्रत्याभूत गरेको मौलिक अधिकार हो । यस अधिकारको प्रयोगमा अनावश्यक अवरोध सिर्जना हुनु लोकतान्त्रिक मूल्य र विधिको शासनको दृष्टिले पनि उचित मानिँदैन । त्यसैले सरकारले अब ढिलाइ नगरी स्पष्ट निर्णय कार्यान्वयनतर्फ अघि बढ्न जरूरी रहेको छ ।

# मानवताका साझा धरोहर



✍ रश्मिशेखर सुवेदी

करुणा, सरलता र नम्रताको दर्शनलाई हामी पूर्वीय आध्यात्मिक परम्पराको समग्र सन्दर्भमा हेर्छौं भने, यो कुनै एक मात्र धर्मको सीमित विचार होइन, बरु मानव सभ्यताको गहिरो अनुभवबाट जन्मिएको साझा चेतना हो । प्राचीन चिनियाँ दर्शनमा वर्णित "ताव" र "तीन बहुमूल्य धन" को अवधारणा वास्तवमा हिन्दु, बौद्ध, शिख, इस्लाम, इसाई धर्म दर्शनसँग पनि आश्चर्यजनक रूपमा मेल खान्छ । यही कारणले आध्यात्मिक विचार केवल धार्मिक शिक्षामा सीमित नभई जीवन जिउने कला, नैतिक चरित्र निर्माणको मार्ग, राजनीति र समग्र उन्नतिको आधार बन्ने विश्वास गरिन्छ ।

तावको अर्थ "मार्ग" वा "पथ" हो तर यो सामान्य मार्ग होइन । यो त्यो अदृश्य नियम हो, जसले सम्पूर्ण ब्रह्माण्डलाई सञ्चालन गरिरहेको छ । ताव प्रकृतिको स्वाभाविक लय हो, जहाँ सबै कुरा आफ्नो स्वभाव अनुसार स्वतः चलिरहेको हुन्छ । यस अर्थमा ताव हिन्दु दर्शनको "ऋत" वा "ब्रह्म" सँग तुलना गर्न सकिन्छ, जसले ब्रह्माण्डको सार्वभौमिक नियम र चेतनालाई जनाउँछ । त्यस्तै बौद्ध धर्ममा वर्णित "धम्म" ले पनि यही सार्वभौमिक सत्य र नियमको प्रतिनिधित्व गर्छ ।

तावबादले जीवनमा सन्तुलन कायम राख्न आग्रह गर्दै "वु-वेइ" अर्थात् "अकर्मक कर्म" को अभ्यास गर्न प्रेरित गर्छ । यसको अर्थ केही नगर्नु होइन, बरु अनावश्यक रूपमा प्रकृतिमाथि हस्तक्षेप नगरी स्वाभाविक रूपमा काम गर्नु हो । जब मानिस प्रकृतिविरुद्ध जान्छ, तब उसले तनाव, द्वन्द्व र असन्तुलन भोग्नु पर्छ । जब ऊ तावसँग मेल खान्छ, जीवन सहज, शान्त र अर्थपूर्ण बन्छ । यही विचार हिन्दु धर्मको "निष्काम कर्म" सँग मेल खान्छ, जहाँ फलको आशक्तिबिना कर्तव्य गर्न प्रेरित गरिन्छ । बौद्ध धर्मले पनि मध्यम मार्गको माध्यमबाट अतिवादबाट टाढा रही सन्तुलित जीवन जिउन सल्लाह दिन्छ ।

तावबादमा वर्णित "तीन बहुमूल्य धन" करुणा, सरलता र नम्रता जीवनका आधारभूत नैतिक मूल्य हुन् । पहिलो धन करुणा हो । करुणा भनेको केवल दया मात्र होइन, अरूको पीडालाई आफ्नै पीडा सम्झने संवेदनशीलता पनि हो । यो गुणले मानिसलाई हिंसा, घृणा र स्वार्थबाट टाढा राख्छ । बौद्ध धर्ममा करुणालाई बोधिसत्वको मुख्य गुण मानिन्छ, जसले सबै जीवको कल्याणका लागि आफ्नो मुक्तिसमेत स्थगित गर्न तयार हुन्छ । हिन्दु धर्ममा पनि अहिंसा र दयाभावलाई उच्च स्थान दिइएको छ । महात्मा गान्धीले अहिंसालाई जीवनको सर्वोच्च सिद्धान्त बनाएका थिए, जुन करुणाको व्यावहारिक रूप हो ।

दोस्रो धन सरलता वा मितव्ययिता हो । आधुनिक समाज भौतिकवाद र उपभोगको दौडमा अगाडि बढिरहेको बेला, तावबादले सादा जीवनको महत्व सम्झाउँछ । धेरै चाहना, धेरै सम्पत्तिको मोह र धेरै विलासिताले मानिसलाई शान्ति दिन सक्दैन । आवश्यकताभन्दा बढी इच्छा र चाहनै दुःखका कारण हुन् भन्छ यसले । यो विचार बौद्ध धर्मको तृष्णै दुःखको कारण हो भन्ने शिक्षासँग पूर्ण रूपमा मेल खान्छ । हिन्दु दर्शनमा पनि सन्तोषलाई ठुलो गुण मानिएको छ । "सन्तोषले मानिसलाई बाह्य वस्तुमा होइन, आफैभित्र खुसी खोज्न सिकाउँछ । सन्तोषः परमं सुखम् ।

तेस्रो धन नम्रता हो । नम्रता भनेको आफूलाई सानो बनाउनु होइन, बरु आफ्नो सीमितता बुझ्नु र अहङ्कार त्याग्नु हो । जब मानिस अहङ्कारी बन्छ, तब ऊ अरूलाई सानु देख्छ र आफूलाई श्रेष्ठ ठान्छ, जसले अन्ततः सम्बन्धहरू बिगार्छ । तावबाद भन्छ- जो झुक्न जान्दछ, ऊ कहिल्यै भाँचिँदैन । यो विचार प्रकृतिमा पनि देखिन्छ; कडा र कठोर रुख आँधीमा भाँचिन्छ तर लचिलो झुकेर बाँचिरहन्छ । हिन्दु धर्ममा विनय र बौद्ध धर्ममा अनात्माको अवधारणाले पनि अहङ्कार त्याग्न सिकाउँछ ।

यी तिनै धन करुणा, सरलता र नम्रता आपसमा गहिरो रूपमा सम्बन्धित छन् । करुणाबिना नम्रता सम्भव छैन र नम्रताबिना सादगी टिक्न सक्दैन । जब यी गुण अपनाइन्छ, मान्छे भित्री रूपमा शान्त, सन्तुलित र सन्तुष्ट बन्छ । यस्तो गुणले समाजमा द्वन्द्व होइन, सहकार्य र सहअस्तित्वको वातावरण निर्माण गर्छ ।

करुणाको सन्दर्भमा हेर्दा, इसाई धर्ममा आफ्ना छिमेकीलाई आफ्नै जस्तो प्रेम गर भन्ने शिक्षा दिइएको छ, जसले मानव मानवबिचको माया, सहानुभूति र क्षमाशीलतालाई जोड दिन्छ । त्यस्तै इस्लाम धर्ममा रहमा (करुणा) र जकात (दान) को अवधारणाले समाजमा करुणा र सहकार्यको भावना विकास गर्न प्रेरित गरेको छ । इस्लामले कमजोर, गरिब र पीडितप्रति उत्तरदायित्व वहन गर्न सिकाउँछ, जुन तावबादको करुणासँग प्रत्यक्ष रूपमा मेल खान्छ ।

सरलता र मितव्ययिताको सन्दर्भमा, शिख धर्मले "किरत करो, नाम जपो, वंड छको" को सिद्धान्तमार्फत इमानदारीपूर्वक श्रम गर्न, आध्यात्मिक साधना र बाँडेर खाने संस्कृतिलाई प्राथमिकता दिन्छ । यसले विलासिता होइन, सादा र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्छ । त्यस्तै जैन धर्मले अपरिग्रह (अत्यधिक सङ्ग्रह नगर्ने) र अहिंसाको अभ्यासमार्फत चाहना नियन्त्रण र सरल जीवनको उच्च आदर्श प्रस्तुत गरेको छ ।

आजको सन्दर्भमा हेर्दा, जहाँ विश्वभरि नै असमानता, हिंसा, पर्यावरणीय सङ्कट र मानसिक तनाव बढिरहेको छ, तावबाद, पूर्वीय र अन्य धर्म दर्शनका यी सिद्धान्त र शिक्षा सान्दर्भिक देखिन्छन् । आधुनिक विकासका नाममा मानिसले प्रकृतिसँगको सम्बन्ध तोड्दै गएको छ । तावबादले भने स्पष्ट रूपमा चेतावनी दिन्छ- हामी प्रकृतिको नियमविपरीत गयौं भने त्यसको परिणाम भोग्नै पर्छ । जलवायु परिवर्तन, प्रदूषण र प्राकृतिक विपत्ति यसको प्रत्यक्ष उदाहरण हुन् ।

नेपाल जस्तो आध्यात्मिक र सांस्कृतिक रूपमा समृद्ध देशका लागि यी विचार झन् महत्वपूर्ण छन् । यहाँ हिन्दु र बौद्ध परम्पराले गहिरो रूपमा जरा गाडेका छन् । हामीले तावबादका सिद्धान्तसँग यी परम्परालाई जोडेर हेर्न सक्यौं भने एउटा सन्तुलित र नैतिक समाज निर्माण गर्न सक्छौं । करुणाले सामाजिक न्यायलाई बलियो बनाउँछ, सरलताले सबैखाले असमानता घटाउन मद्दत गर्छ र नम्रताले नेतृत्वलाई जिम्मेवार बनाउँछ ।

राजनीतिक र सामाजिक सन्दर्भमा पनि यी विचार उपयोगी छन् । जब नेताहरू नम्र हुन्छन्, उनीहरू जनताको आवाज सुन्छन् । जब उनीहरू मितव्ययी हुन्छन्, उनीहरू सार्वजनिक स्रोत दुरुपयोग गर्दैनन् । जब उनीहरू करुणामय हुन्छन्, उनीहरू नीति बनाउँदा कमजोर र पिछडिएका वर्गको हितलाई प्राथमिकता दिन्छन् । यसरी हेर्दा तावबाद केवल व्यक्तिगत जीवनको मार्गदर्शन मात्र होइन, सुशासनको आधार पनि बन्न सक्छ ।

ताव र तीन बहुमूल्य धनको सन्देश अत्यन्त सरल तर गहिरो छ- जीवनलाई जटिल बनाउने होइन, सहज बनाउने । प्रकृतिसँग मिलेर बाँच्ने, अरूलाई माया गर्ने, अनावश्यक चाहनाबाट टाढा रहने र अहङ्कार त्याग्ने । यी सिद्धान्त कुनै एक धर्मको सम्पत्ति होइनन्; यी त मानवताको साझा धरोहर हुन् । हामीले यी मूल्यलाई आफ्नो जीवनमा उतार्न सक्यौं भने व्यक्तिगत शान्ति मात्र होइन, सामाजिक सद्भाव र वैश्विक सन्तुलन पनि सम्भव हुने छ ।

# सजिवनका फाईदा



सजिवन स्वास्थ्यका लागि राम्रो मानिन्छ । यसमा प्राकृतिक पोषकतत्व प्रशस्त पाइन्छ । सजिवनलाई मोरिङ्गासमेत भन्ने गरिन्छ । सजिवन सामान्यतया तरकारीको रूपमा खाने गरिन्छ । तर तपाईँले यसको सुप बनाएर पिउनु भयो भने यसले अद्भूत स्वास्थ्य लाभहरु प्रदान गराउनका साथै रोग लाग्नबाट बचाउन समेत मद्दत गर्दछ ।

**स्वास्थ्यका लागि उपयुक्त**

- सजिवन अर्थात सजिवनमा राम्रो मात्रामा क्याल्सियम हुन्छ । यसको सुप सेवन गर्नाले हड्डीलाई मजबुत बनाउँछ । क्याल्सियमले राम्रो हड्डीको घनत्व कायम राख्छ र ओस्टियोपोरोसिस जस्ता हड्डी सम्बन्धित रोगहरूको जोखिम कम गर्छ । यसको सुप पिउनाले हड्डी कमजोर हुने र जोर्नी दुख्ने समस्याबाट राहत मिल्छ ।

सजिवनको सुप रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन धेरै प्रभावकारी हुन सक्छ। सजिवनमा भिटामिन 'सी' र एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ, जसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ । भिटामिन सीले शरीरलाई सङ्क्रमण र रोगसँग लड्न मद्दत गर्छ जबकी एन्टिअक्सिडेन्टले कोशिकाहरूलाई फ्री रेडिकलबाट हुने क्षतिबाट जोगाउँछ ।

सजिवनमा राम्रो मात्रामा फाइबर हुन्छ, जसले पाचन प्रणालीलाई स्वस्थ राख्न मद्दत गर्छ । फाइबरले आन्द्रा सफा राख्न मद्दत गर्छ र कब्जियतको समस्याबाट राहत दिन्छ । यसले खानेकुराको पाचन सुधार गर्छ । साथै, अपच र एसिडिटीजस्ता पेटसम्बन्धी विकारहरूलाई कम गर्छ । नियमित रूपमा सजिवनको सुप पिउनाले पाचन प्रणालीलाई बलियो बनाउँछ ।

सजिवनको सुप कलेजोका लागि निकै फाइदाजनक मानिन्छ । सजिवनले कलेजोलाई हानिकारक विषाक्त पदार्थहरूबाट बचाउन मद्दत गर्छ र कलेजोको कार्यप्रणालीमा सुधार गर्छ । यसमा पाइने क्याल्सियम, आइरन र भिटामिन 'सी' जस्ता पोषक तत्वले बालबालिका र किशोरकिशोरीको विकासका लागि फाइदाजनक हुन्छ । यी पोषक तत्वहरूले शरीरको सामान्य विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

सजिवन सूप मधुमेहका बिरामीका लागि पनि फाइदाजनक हुन्छ । यसमा पाइने फाइबर र एन्टिअक्सिडेन्टले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत गर्छ । यसले इन्सुलिन संवेदनशीलता सुधार गर्छ र रगतमा चिनीको अचानक वृद्धी कम गर्छ । यस बाहेक यो सुप श्वासप्रश्वासको समस्याबाट छुटकारा दिन पनि प्रभावकारी साबित हुन सक्छ।

# जेनजी आन्दोलनदेखि चुनावसम्म

**भदौ २३ :** काठमाडौँमा जेनजी पुस्ताले गरेको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु। प्रदर्शन हिंसात्मक भई ठूलो संख्यामा युवाको ज्यान गएपछि नैतिकताका आधारमा गृहमन्त्री रमेश लेखकद्वारा पदबाट राजीनामा ।

**भदौ २४:** प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदद्वारा सामूहिक राजीनामाको घोषणा ।

**भदौ २५:** ११ हजार ५०५ कैदी जेल फोडेर फरार ।

भदौ २७: राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त । प्रधानमन्त्रीको शपथग्रहणलगत्तै प्रतिनिधिसभा विघटनको सिफारिस। आठ राजनीतिक दलद्वारा प्रतिनिधिसभा विघटनप्रति असहमति ।

भदौ ३०: सरकारद्वारा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिलाई सहिद घोषणा तथा सहिद परिवारलाई १५ लाख रुपैयाँका दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय ।

**असोज ५ :** सरकारद्वारा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन ।

**असोज ८ :** पुनर्निर्माण र निर्वाचनमा सरकारको ध्यान, सरकारी खर्चमा व्यापक कटौती गर्ने निर्णय ।

असोज १०: राष्ट्रिय मानवअधिकार आयोगद्वारा भदौ २३ र २४ गतेको जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएको घटनाको अनुगमन प्रतिवेदन सार्वजनिक । सरकारद्वारा सेवानिवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई प्रचलित कानुनमा उल्लेख भएका स्वीकृत मापदण्ड बमोजिमबाहेकका सुविधा कटौती ।

**असोज १२:** भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका सन्दर्भमा जाँचबुझ एवं अध्ययन गर्न गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगद्वारा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक लगाउन पत्राचार ।

**असोज २१:** सरकारद्वारा असोज १७ देखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान दिने निर्णय ।

**असोज २८:** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाद्वारा कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई प्रदान ।

कात्तिक १: जिल्ला प्रशासन काठमाडौँद्वारा विभिन्न स्थानमा दुई महिनासम्म भेला, प्रदर्शन, धर्ना र जुलुसजस्ता विरोधका कार्यक्रम गर्न निषेध घोषणा ।

**कात्तिक १२ :** प्रतिनिधिसभा विघटन र सरकारविरुद्ध रिटमा अन्तरिम आदेश जारी गर्न सर्वोच्च अदालतद्वारा अस्वीकार ।

कात्तिक १७: सरकारद्वारा जेनजी आन्दोलनका क्रममा काठमाडौँसहित विभिन्न जिल्लामा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा ।

**कात्तिक १९:** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित १० वाम पार्टीबीच एकता घोषणा ।

**मङ्सिर ४:** राष्ट्रिय सुरक्षा परिषद् बैठकले आगामी फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनको सुरक्षार्थ नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्लाई सिफारिस ।

**मङ्सिर २५:** मन्त्रिपरिषद्बाट सरकार-जेनजी सम्झौता अनुमोदन, प्रधानमन्त्री र जेनजी प्रतिनिधिबीच भएको १० बुँदे सम्झौता राजपत्रमा प्रकाशित गर्ने निर्णय ।

**मङ्सिर २९:** सरकारद्वारा फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन सुनिश्चित गर्न विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन ।

**पुस ३:** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को ११औं अधिवेशनबाट अध्यक्ष पदमा पुनः केपी शर्मा ओली निर्वाचित ।

**पुस १३:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका प्रमुख वालेन्द्र ( बालेन) शाहबीच सात बुँदे सहमति ।

**पुस १७:** नेपाली कांग्रेसको १५औं अधिवेशन स्थगित ।

पुस १८: नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पदावधि २०८३ जेठ मसान्तसम्म थप्दै १५औं महाधिवेशन आगामी वैशाखमा गर्ने निर्णय ।

**पुस २०:** भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको बयान ।

**पुस २६:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग एकता भएको १२ दिनमै छुट्टिएर पूर्वमन्त्री कुलमान घिसिङ उज्यालो नेपाल पार्टीको अध्यक्षको जिम्मेवारीमा ।

**पुस २७:** नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन प्रारम्भ ।

**माघ २:** निर्वाचन आयोगद्वारा नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई वैधानिकता र आधिकारिक मान्यता प्रदान ।

**माघ ४:** नेपाली कांग्रेसको आन्तरिक विवाद अदालतमा प्रवेश ।

**फागुन २१:** मुलुकभर एकैसाथ शान्तिपूर्ण रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न ।

## नेपथ्यको क्यानाडा टुर शुरू



लोकप्रिय नेपाली सांगितिक समुह 'नेपथ्य' ले यस वर्षको क्यानाडा श्रृंखला सुरु गरेको छ। क्यानाडाको 'सदबरी कम्युनिटी एरेना' मा शुक्रबार पहिलो प्रस्तुति दिँदै ब्यान्डले नेपाली लोकरक सुनाएको छ । ओन्तारियो राज्यकै व्यापारिक केन्द्र टोरोन्टोबाट झन्डै चार सय किलोमिटर टाढा पर्ने यस सहरमा केही वर्षअघिसम्म पनि नेपाली फाट्टफुट्ट मात्रै देखिन्थे । हाल यहाँ नेपालीको संख्या दुई हजार पुगिसकेको छ । कन्सर्टमा निकै परदेखि आएका दर्शक पनि देखिन्थे ।कन्सर्टमा गायक अमृत गुरुङले ब्यान्डका लोकप्रिय गीतदेखि राष्ट्रिय भावना बोकेका गीतसम्म सुनाएका थिए ।

मुलुकको सुन्दरता बयान गर्ने गीतहरू गाइरहँदा उनले दर्शकलाई नेपाल जाँदा पदयात्रा गर्न प्रोत्साहन पनि गरे ।यस वर्षको क्यानाडा श्रृंखलाबद्ध यात्राको पहिलो प्रस्तुति सफलतापूर्वक सम्पन्न भएसँगै नेपथ्यमा आबद्ध साङ्गीतिक, प्राविधिक र व्यवस्थापकको सिङ्गो टोली दोसो कन्सर्टको तयारीमा जुटिसकेको छ ।

दोसो प्रस्तुति मुलुककै मुख्य व्यापारिक केन्द्र टोरन्टोमा हुनेछ । त्यहाँस्थित 'क्विन एलिजाबेथ थिएटर' मा अप्रिल १३ सोमबारका लागि कार्यक्रम तय भएको छ । मुख्य सहरको पश्चिम भागस्थित प्रदर्शनी केन्द्रमा पर्ने यो हल आधुनिक कन्सर्ट थलोका रूपमा प्रसिद्ध छ । २५ सय दर्शक अटाउने यस हलमा शो हुनुभन्दा तीन साताअगावै टिकट 'सोल्डआउट' भइसकेको छ । टोरन्टोपछि ब्यान्ड ओन्तारियो राज्यकै अर्को सहर लन्डन प्रस्थान गर्नेछ । त्यहाँ अप्रिल १८ मा यात्राकै अन्तिम कन्सर्ट हुनेछ । टोरन्टोमा धेरै पहिले टिकट समाप्त भएका कारण त्यहाँ छुटाएका दर्शक लण्डन कन्सर्टमा सहभागी हुने विश्वास आयोजकले लिएका छन् ।

# वैशाख १ मा मात्र फुल्ने सुनाखरी र सहलेस मेला

**सिराहा/** सिरहाको लहानस्थित ऐतिहासिक तथा धार्मिकस्थल सलहेश फूलबारीमा नयाँ वर्षसँगै चहलपहल बढेको छ । हरेक वर्ष वैशाख १ गते आयोजना हुने प्रसिद्ध मेलाको तयारीसँगै भारतबाट समेत श्रद्धालुहरु आएका छन् ।



विशेषगरी नयाँ वर्षकै दिन मात्र फुल्ने विश्वास गरिएको माला आकारको सुनाखरी फूल हेर्न तथा पूजाअर्चना गर्न नेपाल र भारतका विभिन्न स्थानबाट हजारौं भक्तजनहरु यहाँ पुग्ने गर्छन् ।

मेला व्यवस्थापन समितिका अनुसार मन्दिरअगाडि रहेको हारमको रूखमा यस वर्ष पनि सुनाखरी फूल फुल्न थालेको छ । करिब नौ बिघा क्षेत्रफलमा फैलिएको फूलबारीमा अहिले नै श्रद्धालुहरु दिनरात बस्न थालेका छन्, रूखमुनि पाल टाँगेर बास बस्ने क्रम समेत बढ्दो छ । तर, बढ्दो भीडसँगै पूर्वाधार अभावको समस्या पनि देखिएको छ । विशेषगरी धर्मशालाको अभावका कारण भक्तजनहरूलाई असुविधा भइरहेको स्थानीयहरूले बताएका छन् ।

लोकगाथाअनुसार महिषोथा (सिरहा) मा जन्मिएका लोकनायक राजा सलहेश र उनकी प्रेमिका मालिनीको प्रेमसँग जोडिएको यस फूलबारीलाई विशेष धार्मिक महत्व दिइन्छ । सुनाखरी फूललाई उनीहरूको प्रेमको प्रतीकका रूपमा लिइन्छ ।

१४ औँ शताब्दीका वीर तथा लोकनायक राजा सलहेशको सम्झनामा आयोजना हुने यो मेला तराई क्षेत्रका पासवान समुदायका लागि विशेष आस्थाको केन्द्र हो । यहाँ पूजा गर्दा सन्तान प्राप्ति तथा रोगबाट मुक्ति पाइने जनविश्वास रहिआएको छ । सरकारले यस क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको रूपमा सूचीकृत गरे पनि आवश्यक विकास र पूर्वाधार विस्तारमा भने अपेक्षित प्रगति हुन सकेको छैन। सरोकारवालाहरूले एकीकृत गुरुयोजना बनाएर काम गर्न सके सलहेश फूलबारीलाई उत्कृष्ट धार्मिक पर्यटकीय केन्द्रको रूपमा विकास गर्न सकिने बताएका छन् ।

# करिव ३ करोड भेटी संकलन

**ताप्लेजुङ/** ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरामा करिव ३ करोड रुपैयाँ भेटी संकलन भएको छ। पछिल्लो नौ महिनाको अवधि अर्थात चालु आर्थिक वर्षको चैत मसान्त सम्ममा दुई करोड छ्यानब्बे लाख रुपियाँ बढी भेटी रकम सङ्कलन भएको हो।

पाथीभरा क्षेत्र विकास समितिले सोमबार बेलुकी सार्वजनिक गरेको विवरण अनुसार नौ महिनाको अवधिमा कुल दुई करोड ९६ लाख ४२ हजार ६०० रुपियाँ भेटी सङ्कलन भएको छ। चालु आवको साउनदेखि चैत महिनाको मसान्त सम्ममा उक्त भेटी रकम सङ्कलन भएको समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले जानकारी दिए। उनका अनुसार नौ महिनाको अवधिमा सबैभन्दा बढी भेटी रकम मङ्सिर र कम भदौ महिनामा सङ्कलन भएको छ। मङ्सिर महिनामा कुल ७५ लाख ४९ हजार १०० रुपियाँ र भदौमा नौ लाख ९७ हजार रुपियाँ भेटी सङ्कलन भएको हो।

समितिका अनुसार चैत महिनामा ५८ लाख ४४ हजार ५०० रुपियाँ भेटी सङ्कलन भएको छ। यस्तै साउन महिनामा १० लाख ३९ हजार रुपियाँ, असोजमा ३३ लाख ८२ हजार रुपियाँ भेटी सङ्कलन भएको छ।

कात्तिकमा ३४ लाख ४८ हजार ५०० र पुस महिनामा २४ लाख २५ हजार रुपियाँ भेटी रकम सङ्कलन भएको समितिले जनाएको छ। पाथीभरा दर्शनमा आउने भक्तजनले चढाएका तथा दान गरेको भेटी रकम पाथीभरा क्षेत्र विकास समितिले सङ्कलन गर्ने गरेको छ। समितिले सङ्कलन गर्ने भेटी रकम पछिल्लो समय प्रत्येक महिना अर्थात मासिक रुपमा सार्वजनिक गर्ने गरेको छ।



# नयाँ वर्ष मनाउनेहरुको घुईंचो

**धनकुटा/** नयाँ वर्षको सुरूवातसँगै धनकुटाका पर्यटकीय स्थलहरूमा वैशाखको पहिलो दिन बिहानैदेखि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लागेको छ । जिल्लाका करिब दुई दर्जनभन्दा बढी पर्यटकीय स्थलहरूमा नयाँ वर्षको अवसरमा घुम्न आउने पर्यटकहरूको भीड देखिएको हो ।

पर्यटकको रोजाइमा पर्ने भेडेटार र नमस्ते झरना आन्तरिक तथा बाह्य पर्यटकका प्रमुख गन्तव्य बनेका छन् । तराई तथा भारत नजिकै भएकाले यहाँ पर्यटकहरूको आगमन बढी हुने गरेको छ। चिसो हावापानी, छिनछिनमा बदलिने मौसम तथा तराईका समथर फाँटदेखि पहाड र हिमशृत्तलासम्मको दृश्यावलोकन गर्न सकिने भएकाले पर्यटकहरूको आकर्षण बढेको हो । भेडेटार स्काईवाक, भ्यू टावर, धार्मिक तथा पर्यटकीय स्थल सानो पाथीभरा मन्दिर र ऐतिहासिक साँगुरीगढी क्षेत्रमा पनि पर्यटकको भीड लागेको थियो ।


भेडेटार मात्र नभई नजिकैको नमस्ते झरना, नाम्जेमा रहेको होमस्टे तथा आसपासका होटलहरु पनि पर्यटकले भरिभराउ भएका छन् । वर्षभरि नै चिसो हुने भेडेटारमा गर्मी मौसममा पर्यटकको संख्या बढी हुने गर्छ । नाम्जे क्षेत्र पनि पर्यटकको प्रमुख आकर्षण बनेको छ। अमेरिकन टेलिभिजन च्यानल सीएनएनले सन् २०१२ मा नाम्जेलाई विश्वका १२ अनौठा गन्तव्यमध्ये एकका रूपमा सूचीकृत गरेको थियो । यहाँबाट सूर्योदय र तराईका अधिकांश जिल्लाको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । तराईका झापा, मोरङ, सुनसरी, उदयपुर लगायत देशका विभिन्न जिल्लाबाट पर्यटकहरु घुम्न तथा बस्न आउने गरेका छन् । नाम्जे होमस्टेमा आउने पर्यटकहरूले सूर्यदय, बौद्धविहार, जनजाति पार्क, नाम्जे थुम्की डाँडा तथा वरिपरिका दृश्यहरु अवलोकन गर्ने गरेका छन् ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२


# नेपालमा अमूर्त संस्कृतिको संरक्षण र दायित्व



' डा. प्रेम खत्री




गतांकबाट.....

## बुद्धिजीवि वर्गमा व्याप्त चासो

राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको संरक्षण, प्रवर्द्धनमा चासो राख्ने देशको प्रवुद्धवर्गमा साँस्कृतिक विचलन अग्राह्य र चिन्ताको विषय हुनु स्वाभाविक हो । यस वर्गले संस्कृतिको गरिमाबृद्धिको भार पनि बोकेको हुनाले यो चासो पनि आˆनो ठाउँमा तर्कसंगत र न्यायोचित लाग्छ । यस सन्दर्भमा निम्न प्रश्नहरु महत्त्वका छन् –

१. मुलुकका साक्षरता प्रतिशत बढ्दो छ तर यसबाट संस्कृतिको संरक्षणबारे ज्ञान भएका नागरिकहरूको सत्त्या भने धेरै ठूलो छैन । यस स्थितिमा हाम्रो जस्तो ज्यादै विविधतापूर्ण संस्कृतिको संरक्षण कसरी हुनसक्छ ?

२. मुलुकमा हाल ८ वटा विश्वविद्यालय सञ्चालित भइरहेका छन् । बौद्ध धर्म र संस्कृतिको उत्थानका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना भएको छ । महाविद्यालय र उच्च माध्यमिक विद्यालयहरूको सत्त्या पनि निरन्तर बढ्दो रूपमा छ । तर के यी संस्थाहरूले नेपाली समाज र संस्कृतिलाई टेवा पुग्ने शिक्षा दिन सकेका छन् ? किन प्रतिवर्ष इतिहास संस्कृति, कला तथा पुरातत्व विषय पढ्ने विद्यार्थीहरूको सत्त्या घट्दो क्रममा छ ? आˆनो राष्ट्रको संस्कृति जान्न, त्यसलाई बचाउन सरिक हुन र संस्कृतिलाई प्राज्ञिक जीवनको एक अङ्ग बनाउन नयाँ पुस्ताहरूमा यो उदासीनता किन देखिएको छ ?

३. संस्कृति, सम्पदा र संरक्षणलाई पाठ्यविषयको रूपमा विकसित गरेर, यसलाई पर्यटनजस्ता आधुनिक विषय थप रोजगार सिर्जना गर्न र संस्कृति संरक्षणलाई जनसहभागिताको आधारमा संस्थागत गर्न किन सकिँदैन ?

४. नेपाली जाति मात्रको परिचायक तत्त्वको रूपमा चिनिएका हाम्रा मूल्य र मान्यताको सञ्चय गर्ने जिम्मेवारी कसको हो ? यो कसरी पुरा गर्न सकिन्छ ? र अन्तमा,

५. नेपाली संस्कृति र यसको दिगो रूपमा जगेर्ना गर्ने कार्य राष्ट्रिय विकाससित गाँसेर हेर्नुपर्ने विषय हो कि होइन ?

यी प्रश्नहरूको उत्तर केही शब्दमा मात्र पनि प्रस्तुत गर्न सकिन्छ तर वर्तमान संस्कृति संक्रमण, विश्वव्यापीकरणको युगमा त्यस्तो उत्तर मात्र पर्याप्त छैन । वास्तवमा यी प्रत्येक सवाललाई एक कार्यक्रमको रूपमा विकसित गर्न सकिन्छ, निरन्तरता दिन सकिन्छ । तर सर्वप्रथम बुद्धिजीविवर्गको चासोलाई विविध कार्यक्रममार्फत् परिचालन गरेर संस्कृतिको जगेर्ना गर्न र यसलाई उत्पादनमुखी बनाउन सकिन्छ । क्रमशः....


नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश
- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

भीम पौडेल : वडा अध्यक्ष
इन्दु खड्का पौडेल : सदस्य
अवित वान्तवा राई : सदस्य
मानबहादुर खवास : सदस्य
तारा रनपहेंली : सदस्य
योगेश भट्टराई : वडासचिव

७ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा



नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश
- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

राजेन्द्रप्रसाद भण्डारी : वडा अध्यक्ष
रविन्द्र लिम्बू : सदस्य
जंगबहादुर राई : सदस्य
भूमिका आचार्य : सदस्य
रेनुका दर्जी : सदस्य
बिनोद प्रसाई : वडासचिव

१० नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा





आज मिति
२०८३ साल
वैशाख ०२ गते
बुधबार
15 April 2026
तिथि: त्रयोदशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मान सम्मान । सुख प्राप्ति । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा अशान्ति । सामान्य लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आर्थिक मन्दि । घरायसी समस्या । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पराक्रम बढ्ने । विवाद बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आम्दानी बढ्ने । हिम्मत बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | रोजगारी मिल्ने । शत्रु बढ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | शारीरिक पीडा । मिष्ठान्न भोजन मिल्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | व्यवसायबाट लाभ । खर्च बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मान्यजनको सहयोग । नयाँ कामको थालनी । |
| मकर | भो जा जी खि खू खे खो गा गी | प्रशासनीक भय । आम्दानी बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | अनावश्यक भ्रमण । शारीरिक कष्ट । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | व्यवसायबाट लाभ । स्वास्थ्य समस्या । |

# अलपत्र बन्यो चिया अनुसन्धान केन्द्र

**ईलाम**/ ईलाममा निर्मित ‘चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र’ उपयोगमा नआउँदा अलपत्र बनेको छ । कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाको साझेदारीमा निर्माण गरिएको केन्द्र उद्घाटन भएको डेढ वर्ष पुग्न लाग्दा पनि सञ्चालनमा आएको छैन । चियाको राजधानी इलामको कन्याममा निर्मित यो नेपालकै पहिलो चिया अनुसन्धान केन्द्र मानिन्छ ।

गत २०८१ मङ्सिर २७ गते कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले केन्द्रको उद्घाटन गरेका थिए । पानी अभावका कारण केन्द्र सञ्चालनमा आउन नसकेको जनाईएको छ । १३ करोड रुपैयाँभन्दा बढीको लगानीमा बनेको भव्य संरचना अहिले उपयोग बिहिन छ । परियोजनाको सुरुवात र निर्माण चरणको नेतृत्व गरेका सूर्योदय नगरपालिकाका निवर्तमान प्रमुख रणबहादुर राईका अनुसार नगरपालिकाले आफ्नै लगानीमा अर्को खानेपानी आयोजना पनि अघि बढाएको छ, जुन अहिले अन्तिम चरणमा पुगेको छ । नगरपालिकाका कार्यवाहक प्रमुख दुर्गाकुमार बरालले भने यो केन्द्र छिट्टै सञ्चालनमा आउने दाबी गरे । केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थापन भइरहेको उनको भनाइ छ ।

परियोजनाको सुरुवात र निर्माण चरणको नेतृत्व गरेका सूर्योदय नगरपालिकाका निवर्तमान प्रमुख रणबहादुर राईले केन्द्र सञ्चालन हुन नसक्नुको मुख्य कारण पानीकै समस्या रहेको प्रस्ट पारेका छन् ।

## अध्यक्ष दाहाल ईस्तान्बुल प्रस्थान

*दमक/ राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल अन्तर-व्यवस्थापिका संघको १५२ औं महासभामा सहभागी हुन इस्तानबुल प्रस्थान गरेका छन् । टोलीमा राष्ट्रिय सभाका सदस्यहरु डा. अन्जान शाक्य र कृष्णबहादुर रोकाया पनि छन् । वैशाख २ गते देखि ०६ गतेसम्म टर्कीको इस्तानबुलमा आयोजना हुने महासभामा अध्यक्ष दाहालले मन्तव्य प्रस्तुत गर्नेछन् ।*

*साथै, विभिन्न संसदका प्रमुखहरूसँग द्विपक्षीय भेटघाट गर्ने कार्यक्रमसमेत रहेको छ । साथै असंलग्न आन्दोलन संसदीय सञ्चालको पाँचौं सम्मेलनमा पनि अध्यक्ष दाहालले मन्तव्य प्रस्तुत गर्ने कार्यक्रम छ ।*

*अन्तर-व्यवस्थापिका संघका स्थायी समितिका कार्यक्रमहरुमा प्रतिनिधिमण्डलमा सम्मिलित सांसदहरु सहभागी हुनेछन् ।*

## संखुवासभामा पनि वर्डफ्लु

**दमक**/ कोशी प्रदेशमा फैलिँदै गएको बर्डफ्लु पहाडी जिल्ला संखुवासभामा पनि देखिएको छ । संक्रमण नियन्त्रणका लागि संखुवासभामा प्रतिबन्धित क्षेत्रबाट अवैध रूपमा ल्याइएका ४ हजार भन्दा बढी चल्ला नियन्त्रणमा लिएर नष्ट गरिएको छ । जिल्ला प्रशासन, सुरक्षा निकाय तथा भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको संयुक्त पहलमा तीन वटा गाडीमार्फत ल्याइएका ४ हजार १ सय चल्ला नियन्त्रणमा लिइएको थियो। ती चल्ला मोरङको बुढीगंगास्थित भिजु पोल्ट्री फर्मबाट ल्याइएको पुष्टि भएपछि तत्काल नष्ट गर्ने निर्णय गरिएको हो ।

केन्द्रका प्रमुख हिमालय पोखेलका अनुसार करिब ३ लाख रुपैयाँभन्दा बढी मूल्यका चल्ला सार्वजनिक स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै नष्ट गरिएको हो । संक्रमण फैलिने उच्च जोखिम रहेकाले कडा निर्णय लिनुपरेको उनले बताए । बर्डफ्लु रोग नियन्त्रण समितिको बैठक घाङरी लामाको संयोजकत्वमा बसेको थियो। कोशी प्रदेशका १४ जिल्लामध्ये झापा, मोरङ र सुनसरीमा संक्रमण पुष्टि भइसकेकाले उच्च सतर्कता अपनाइएको जनाइएको छ ।

***निर्माण.....***निर्माण क्षेत्र अहिले बहुआयामिक समस्याबाट गुज्रिरहेको भन्दै कच्चा पदार्थको अभाव र नियामक निकायका अस्पष्ट नीतिका कारण व्यवसायीहरु मारमा परेको व्यवसायीहरूको भनाइ छ । सरकारले तत्काल यस विषयमा ठोस पहल गर्नुपर्ने भन्दै त्यसो हुन नसके अवस्था सामान्य नभएसम्मका लागि निर्माण क्षेत्र पूर्ण रूपमा बन्द हुन सक्ने महासंघका वरिष्ठ उपाध्यक्ष केशर बुढाथोकीले बताए ।

***ट्याक्टर.....***लागि बीएण्डसी अस्पताल, बिर्तामोड पठाइएकोमा उपचारको क्रममा राती मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टर चालक कन्काई नगरपालिका-१ निवासी ३० वर्षीय राजु नेपालीलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

***पर्वमय....*** यो पर्व मनाउन सुरू भएको हो ।

सौरमास गणनामा मनाइने थोरै पर्वमध्ये ‘जुडशीतल’ पनि पर्दछ । जीवनमा शीतलता जोड्ने भावमा ‘जुड’ र ‘शीतल’ जोडेर यो पर्वलाई ‘जुडशीतल’ भनिएको मान्यता छ । बढ्दो गर्मीमा शीतल दिने चना, मुँग र जौका परिकार यस पर्वमा विशेष मानिन्छन् । पहिलो दिन सातु र सर्वत दान दिएर यिनै परिकार खाने यो विधिलाई ‘सतुवाइन’ भन्ने गरिएको छ भने दोस्रो दिन घरघरमा परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घ जीवनको आशिर्वाद दिने गर्दछन् ।

**मेचे समुदायमा ‘वैशागु बथर’**

नयाँ वर्षसँगै झापामा बसोबास गर्ने मेचे समुदायको महान पर्व ‘वैशागु बथर’ को चहल पहल शुरू भएको छ । यो पर्वलाई यस वर्ष सामुहिक रूपमा भव्यता दिने तयारी छ । मेचे समाज शिवियारी आफात केन्द्रीय समितिले वैशाख ३ गते भव्य रूपमा पर्व मनाउने तयारी पूरा भएको जनाएको छ । नव वर्ष २०८३ को अवसर पारेर आयोजना गरिने उक्त पर्व मेचे समाज सिवियारी आफातको मुख्य आयोजना, मेचे महिला उत्थानको सह-आयोजना तथा बिर्तामोड, अर्जुनधारा र हल्दीबारी नगरपालिकाको व्यवस्थापनमा हुने जनाइएको छ। कार्यक्रममा मेचे जातिको भाषा, संस्कृति र पहिचान संरक्षण तथा प्रवर्द्धनमा जोड दिइने आयोजकको भनाइ छ ।

केन्द्रीय अध्यक्ष वीरेन मेचेका अनुसार नेपाल र भारतबाट बुद्धिजीवी, कवि-साहित्यकार, संस्कृतिकर्मी तथा भाषाविद्को सहभागितामा पर्व मनाइनेछ । मेचे समुदायको झापाका नौ स्थानीय तहमा ५ हजार भन्दा बढिको जनसंख्या रहेको बताईएको छ ।

***सरकारको....*** ज्ञान, सीप र पूजीको उपयोग अनि खेलकुद, विपत व्यवस्थापन, सहकारी र लघुवित्त क्षेत्रलाई पनि अवधारणापत्रमा समावेश गरी राजनीतिक दलहरूसँग सुझाव मागेको हो । सरकारले आगामी पाँच वर्षभित्र औसत आर्थिक वृद्धि दर ७ प्रतिशत हासिल गर्दै प्रतिव्यक्ति आय ३००० अमेरिकी डलर पुऱ्याउने लक्ष्य सहितको राष्ट्रिय प्रतिवद्धता पत्र सार्वजनिक गरेको हो । प्रतिबद्धतापत्रमा उल्लिखित विषयहरूलाई आउँदो आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र सुधार एजेन्डासँग आबद्ध गर्ने सरकारको योजना छ । यसको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयका विकास व्यवस्थापन हेर्ने सचिवलाई अनुगमनको जिम्मा दिइएको छ ।

**अन्तर्राष्ट्रिय**

# ईरानद्वारा अमेरीकालाई कार्वाहीको माग

**एजेन्सी**/ ईरानले अमेरीकालाई कार्वाही गर्न संयुक्त राष्ट्रसंघलाई आग्रह गरेको छ । राष्ट्रसंघका लागि इरानी राजदूत अमिर सइद इरवानीले अमेरिकी सैनिक नाकाबन्दीको कडा निन्दा गर्दै राष्ट्रसङ्घलाई अमेरिकामाथि कारबाही गर्न माग गरेका हुन् । महासचिव एन्टोनियो गुटेरेस र सुरक्षा परिषद्का अध्यक्षलाई पत्र लेख्दै राजदूत इरवानीले अमेरिकाको यो कदमलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरामा पार्ने आक्रामक कार्य को संज्ञा दिएका छन् ।

इरानी राजदूतले अमेरिकी कदमले इस्लामिक गणतन्त्र इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको घोर उल्लङ्घन गरेको बताएका छन्। उनले गत अप्रिल १२ मा अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले गरेको घोषणालाई “सैनिक आतंकवाद“ भन्दै यसले संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा २, अनुच्छेद ४ को स्पष्ट उल्लङ्घन गरेको दाबी गरेका छन्। पत्रमा अमेरिकाको अवैध नाकाबन्दीले समुद्र सम्बन्धी अन्तर्राष्ट्रिय कानुन समेत मिचेको उल्लेख गरिएको छ । इरानले आफ्नो सार्वभौम अधिकारमा अमेरिकाले हस्तक्षेप गरिरहेको र तेस्रो मुलुकको वैध समुद्री व्यापारमा अवरोध पुऱ्याएको आरोप लगाएको छ ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशपछि अमेरिकी सेनाले मध्यपूर्वमा कम्तीमा १५ वटा लडाकु जहाजहरू परिचालन गरेको छ। सीएनएनका अनुसार यी जहाजहरूले इरानी बन्दरगाहहरूको समुद्री नाकाबन्दीमा भाग लिने तयारी गरेका छन् । पाकिस्तानमा भएको द्विपक्षीय वार्तामा कुनै सहमति हुन नसकेपछि ट्रम्पले इरानमाथि कडा नौसैनिक नाकाबन्दीको घोषणा गरेका हुन्। इरानले तत्काल अन्तर्राष्ट्रिय हस्तक्षेपको आह्वान गर्दै सुरक्षा परिषद्लाई यो नाकाबन्दी रोक्न कदम चाल्न आग्रह गरेको छ ।

# जेसीजको शुभकामना कार्यक्रम

कमल/ कमल नगर जेसीजले आज एक कार्यक्रमका बिच भित्तेपात्रो विमोचन तथा नयाँ वर्ष २०८३ को शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम कमल नगर जेसीज वर्ष २६ का अध्यक्ष देवराज भण्डारी( महेश) को अध्यक्षता तथा वर्ष २६ का कानुनी सल्लाहकार जेसी हरी अधिकारीको संयोजकत्वमा कमल ४ स्थित जेसीजको सचिवालयमा भएको थियो ।

कमल नगर जेसीजले समाज परिवर्तनकालागी महत्वपूर्ण योगदान गर्दै आएको कमल नगर जेसीजका वर्ष १८ का अध्यक्ष केदार कटुवालले बताए । यस्तै आगामी दिनमा अझ युवा मैत्री कार्यक्रम सन्चालन गर्नु पर्ने वेला आएको आजिवन सदस्य तथा कार्यक्रममा प्रमुख अतिथी राजन बहादुर ढुङ्गानाको भनाई थियो । कार्यक्रम कमल नगर जेसीज वर्ष २६ की महासचिव मनिषा कठायतले सञ्चालन गरेकी थिईन् भने वर्ष २३ का अध्यक्ष रेजु कार्कीले स्वागत मन्तव्य राखेका थिए ।

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी, शुभचिन्तक, एवम् नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

घनेन्द्र राज योङ्या
अध्यक्ष

जनमुखी सहकारी संस्था लि, परिवार
दमक-६, झापा

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी, शुभचिन्तक, एवम् नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लछुदास राई (अध्यक्ष) | दिपेनवाला राई (सचिव) | पारषमणि राई (कोषाध्यक्ष) | प्रकाश राई (व्यवस्थापक)

राष्ट्रिय बहुमुखी सहकारी संस्था लिमीटेड परिवार
दमक-८, झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. योगेश उप्रेती
अक्टोपस तालिम केन्द्र
दमक-५ (झापा)

नोट : यहाँ वैदेशिक रोजगार सम्बन्धी उपयुक्त परामर्श दिनुका साथै विभिन्न किसिमका तालिम समेत दिइन्छ ।

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

माधव भट्टराई (फाउण्डर) (9842690188) | सविता पोखेल प्रिन्सिपल (9814997433)

पूर्वाञ्चल मन्टेश्वरी अंग्रेजी स्कूल परिवार
दमक-८, झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो. शशिराज पौडेल

- ॐ सत्यसाइ सप्लायर्स प्रा.लि., उर्लाबारी, मोरङ
- हिमतारा पूर्वाधार विकास कम्पनी प्रा.लि., उर्लाबारी मोरङ
- एभर उद्योग (कंक्रिट, टायल) उद्योग, दमक-झापा

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण सेवाग्राही, सहकर्मीलगायत नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. गिता लिम्बू
ग्लोरी ब्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर
दमक-६, झापा

यहाँ नयाँ वर्ष २०८३ को सुखद अवसरमा नयाँ तालिम लिनेहरुका लागि विशेष छुटको व्यवस्था गरिएको छ । साथै एसईई दिएर बसेकाहरुलाई ५० प्रतिशत छुट दिईने छ ।

## श्री जीवन स्मृति प्रतिष्ठानको सूचना

**यस प्रतिष्ठानको वार्षिक साधारणसभा मिति २०८२ चैत्र २८ गते शनिबारका दिन बोलाइएकोमा आवश्यक गणपूरक संख्याको अभावमा स्थगन गरिएको हुँदा पुनः निम्न मिति, स्थान र समयमा साधारणसभा गर्ने निश्चय गरिएको हुँदा प्रतिष्ठानका सम्पूर्ण सदस्यहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

तपशिल

मिति : २०८३/०१/०५ शनिबार
समय : बिहान ११.०० बजेदेखि
स्थान : संस्थाको कार्यालय रहेको, प्राच्यविज्ञान अनुसन्धान संस्थान, ऋतम्भराकुञ्ज, दमक-४ को सभाहल, डिपुचोक

सचिव
**शंकर चापागाई**
(धनकुटे कान्छा)
९८४२६३१६०१

अध्यक्ष
**भूमिप्रसाद दाहाल**
९८४२६२९२७१

**श्री जीवन स्मृति प्रतिष्ठान**
दमक, झापा

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने टिकाराम लिम्बू र अनु राईको नाममा दर्ता कायम रहेको मधुमल्ला५/ड को कि.नं. ५६६ज.वि. ०-०-१० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा दक्षिण तर्फ सँधियार सरस्वती कार्की उपस्थिति नहुनु भएको हुदा उहाँ लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल